नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

संयुक्त निरीक्षण अनुगमन सम्बन्धी विवरण

मितिः२०८३/०६/२२

यस खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, डिभिजन कार्यालय काठमाडौं तथा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग सहितको संयुक्त बजार अनुगमन निरीक्षण टोलीले मिति २०८३/०६/२१ मा अनुगमन/निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तालिकामा उल्लेख भए अनुसारको काम कारबाही गरिएको व्यहोरा अनुरोध छ।

सि.नं.	मिति	खाद्य व्यवसायको विवरण	अनुगमन गर्दाको अवस्था/ कैफियत	निर्देशन / कारबाही
१	२०८३/०६/२१	बिहानी खाजा घर, काठमाडौं म.न.पा-३५, हाल वैदेशिक रोजगार विभागमा संचालित क्यान्टिन, काठमाडौं	• क्यान्टिनमा खाना पकाउने ठाउँ (भान्सा) को संरचना खाद्य स्वच्छताको आधारमा पर्याप्त नरहेको पाइयो, • खाना बनाउने स्थल खुला स्थानमा रहेको पाइयो, • भान्साको सरसफाई सामान्य रहेको पाइयो, • खाद्य पदार्थ तार्ने को TPM भ्यालु १७ भई मापदण्ड अनुकूल पाइयो, • भान्सा कोठामा Exhaust fan को उचित व्यवस्थापन नरहेको • कच्चा पदार्थ भण्डारण गर्ने स्थानमा कीट नियन्त्रणको पर्याप्त व्यवस्था नभएको पाइयो।	• क्यान्टिनको खाना बनाउने स्थानको उचित संरचनागत सुधार गर्न, • खुला स्थानमा रहेको खान बनाउने ठाउँलाई थप व्यवस्थित बनाउन, • भान्सा कोठामा Exhaust fan को उचित व्यवस्थापन गर्न, • सरसफाई तथा कीट नियन्त्रणको पर्याप्त व्यवस्थापन गर्न, • उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग द्वारा रु १०,०००/- जरिवाना गरिएको।

२	२०८३/०६/२२	दाजु भाई स्विट्स, काठमाडौं-१४, कलंकी, काठमाडौं	• सरसफाई सामान्य रहेको पाइयो, • कीट नियन्त्रणको व्यवस्था प्रभावकारी नरहेको पाइयो, • फोहोरदानी खुला रहनुका साथै केहि पाकेका खाद्य पदार्थ खुला रुपमा भण्डारण गरेको पाइयो।	• सरसफाई तथा कीट नियन्त्रण थप प्रभावकारी बनाउने, • खाद्य स्वच्छता कायम गर्न, • पकाई सकेका खाद्य पदार्थहरु छोपेर राख्न निर्देशन दिइयो।

अनुगमनका केहि झलकहरु (बिहानी खाजा घर)

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाण्डौ